गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरि, दोलखा
बागमती प्रदेश, नेपाल

स्थानीय राजपत्र

गौरीशंकर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :९	संख्या :२३	मिति :२०८३/०४/१५

भाग-२

गौरीशंकर गाउँपालिका

गौरीशंकर गाउँपालिकाको गाउँ कार्यपालिकाद्वारा तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको कार्यविधी संख्या-१

उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना

गौरीशंकर गाउँपालिकामा कार्यरत कर्तव्यनिष्ठ, जिम्मेवार, अनुशासित तथा सेवाप्रति समर्पित कर्मचारीहरूलाई थप जिम्मेवारीप्रति लगनशील, उत्प्रेरित भई कार्य गर्न प्रोत्साहन गर्ने उद्देश्यले कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था गर्न यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र गौरीशंकर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गौरीशंकर गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

परिच्छेद—१

प्रारम्भिक

1. नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने सम्बन्धी कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि गौरीशंकर गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा—

(क) "कार्यविधि" भन्नाले उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने सम्बन्धी कार्यविधि, २०८३ सम्झनु पर्नेछ।

(ख) "समिति" भन्नाले दफा ६ बमोजिम गठन हुने उत्कृष्ट कर्मचारी छनोट समिति सम्झनु पर्नेछ।

(ग) "कर्मचारी" भन्नाले गौरीशंकर गाउँपालिकामा कार्यरत स्थायी तथा करार कर्मचारी सम्झनु पर्नेछ।

(घ) "पुरस्कार" भन्नाले दफा ४ बमोजिम वितरण गरिने पुरस्कार तथा सम्मान सम्झनु पर्नेछ।

परिच्छेद—२

पुरस्कार सम्बन्धी व्यवस्था

1. कर्मचारी पुरस्कार सम्बन्धी व्यवस्था

(१) कर्मचारीहरूको कार्यसम्पादन स्तरलाई अव्वल तुल्याई जिम्मेवारी बहनप्रति उत्प्रेरित गर्न प्रत्येक आर्थिक वर्षको असार मसान्त पश्चातः

- उत्कृष्ट वडा — १ (एक) वटा
- उत्कृष्ट शाखा — १ (एक) वटा
- उत्कृष्ट कर्मचारी — ६ (छ) जनाः
    1. कार्यालय सहयोगीः ३ जना
        1. क. गाउँपालिका तर्फको
        2. ख. वडाको तर्फको
        3. ग. स्वास्थ्य क्षेत्रको
    2. ईन्जिनियरिङ प्राविधिक तर्फकोः १ जना
    3. कृषि तथा पशु प्राविधिक तर्फकोः १ जना
    4. स्वास्थ्यकर्मी तर्फकोः १ जना छनोट गरी पुरस्कृत गरिनेछ।

2. पुरस्कार राशी सम्बन्धी व्यवस्था

(१) कर्मचारीहरूलाई जिम्मेवारी र दायित्वप्रति उत्तरदायी बनाउन छनोट समितिबाट

छनोट भएका सर्वोत्कृष्ट कर्मचारीलाई अनुसूची—१ बमोजिम पुरस्कार तथा प्रमाणपत्रसहित सम्मान प्रदान गरिनेछ।

3. मापदण्ड सम्बन्धी व्यवस्था

(१) सर्वोत्कृष्ट तथा उत्कृष्ट कर्मचारी छनोट गर्नका लागि छनोट समितिले अनुसूची—२ बमोजिमको मापदण्डलाई आधारको रूपमा लिनुपर्नेछ।

(२) कर्मचारी पुरस्कृत गर्दा अव्वल कर्मचारीहरूमध्ये पदसोपानका आधारमा सबैभन्दा तल्लो तहदेखि माथिल्लो तहसम्मलाई मध्यनजर गरी छनोट गर्नुपर्नेछ।

(३) छनोट गर्दा सम्बन्धित कर्मचारीले समग्र शाखागत कार्यसम्पादन स्तरमा पुर्याएको योगदानलाई समेत आधार मान्नुपर्नेछ।

4. सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारी छनोट समिति सम्बन्धी व्यवस्था

(१) प्रत्येक वर्ष गौरीशंकर गाउँपालिकामा कार्यरत कर्मचारीहरूमध्येबाट सर्वोत्कृष्ट तथा उत्कृष्ट. कर्मचारी छनोट गर्न देहायबमोजिमको छनोट समिति रहनेछः

- (क) गाउँपालिका उपाध्यक्ष ' संयोजक
- (ख) गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत ' सदस्य
- (घ) प्रशासन शाखा प्रमुख ' सदस्य

परिच्छेद—३

विविध

1. कार्यविधिको संशोधन

यस कार्यविधिमा कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ।

2. आवश्यक व्यवस्था गर्न सक्ने

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची—१

पुरस्कार राशी

क्र.सं.	पुरस्कार	पुरस्कार राशी
१	उत्कृष्ट वडा कार्यालय	रु ३०,००० तथा प्रमाणपत्र
२	उत्कृष्ट शाखा	रु २०,००० तथा प्रमाणपत्र

क्र.सं.	पुरस्कार	पुरस्कार राशी
३	उत्कृष्ट कर्मचारी	रु १०,००० तथा प्रमाणपत्र
४	उत्कृष्ट कार्यालय सहयोगी (प्रत्येक विधा)	रु ७००० तथा प्रमाणपत्र
५	उत्कृष्ट सवारी चालक	रु ७००० तथा प्रमाणपत्र

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा
कामती प्रदेश, नेपाल
२०७२

अनुसूची—२

उत्कृष्ट वडा कार्यालय छनोट मापदण्ड

पूर्णाङ्क : १००

क्र.सं.	सूचक	अंक
१	वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयनको प्रगति तथा समयमै सम्पन्न भएको	३०
२	राजस्व संकलन तथा अभिलेख व्यवस्थापन	१०
३	सेवा प्रवाहको प्रभावकारिता (घटना दर्ता, सिफारिस, सामाजिक सुरक्षा आदि)	२०
४	वित्तीय अनुशासन, बेरुजु तथा प्रतिवेदन समयमै पेश गरेको	१०
५	वडा कार्यालयको सरसफाइ, अभिलेख तथा कार्यालय व्यवस्थापन	१०
६	सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सहभागिता	१०
७	गुनासो व्यवस्थापन तथा सेवाग्राही सन्तुष्टि	१०
८	नवप्रवर्तन, सूचना प्रविधिको प्रयोग तथा उत्कृष्ट अभ्यास	१०
जम्मा		१००

न्यूनतम योग्यता

- ७५ अंकभन्दा बढी प्राप्त गरेको।
- गम्भीर बेरुजु, अनियमितता वा अनुशासन सम्बन्धी कारबाही नभएको।

अनुसूची—३

उत्कृष्ट शाखा छनोट मापदण्ड

पूर्णाङ्क : १००

क्र.सं.	सूचक	अंक
१	वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनमा तदारुकता तथा वित्तिय खर्च	३०

क्र.सं.	सूचक	अंक
२	लक्ष्य अनुसारको कार्यसम्पादन तथा उपलब्धि	२०
३	समयमै प्रतिवेदन, सूचना तथा अभिलेख व्यवस्थापन	१५
४	समन्वय, टोलीगत कार्य तथा सेवाग्राहीमैत्री सेवा	१५
५	वित्तीय अनुशासन तथा बेरुजु व्यवस्थापन	१०
६	नवप्रवर्तन, डिजिटल प्रणाली तथा सुधारात्मक अभ्यास	१०
जम्मा		१००

न्यूनतम योग्यता

- ७५ अंकभन्दा बढी।
- गम्भीर बेरुजु वा अनुशासन सम्बन्धी कारबाही नभएको।

अनुसूची—४

उत्कृष्ट कर्मचारी छनोट मापदण्ड

पूर्णाङ्क : १००

क्र.सं.	सूचक	अंक
१	कार्यसम्पादन तथा जिम्मेवारी पूरा गरेको	३०
२	अनुशासन, समयपालन तथा नियमित उपस्थिती	१५
३	सेवाग्राहीमैत्री व्यवहार तथा कार्य सम्पादन शैली	१५
४	कार्यालयको नियम, आचारसंहिता तथा गोपनीयताको पालना	१०
५	टोलीगत कार्य, समन्वय तथा नेतृत्व क्षमता	१०
६	नवप्रवर्तन, समस्या समाधान तथा सिर्जनशीलता	१०
७	अतिरिक्त जिम्मेवारी तथा विशेष योगदान	१०
जम्मा		१००

न्यूनतम योग्यता

- ७५ अंकभन्दा बढी।
- वार्षिक कार्यसम्पादन मूल्याङ्कन सन्तोषजनक वा सोभन्दा माथि।
- सो आर्थिक वर्षमा विभागीय कारवाही वा गम्भीर अनुशासन उल्लङ्घन नभएको।

अनुसुची-०५

प्रमाणपत्रको नमुना

गौरीशंकर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुरी, दोलखा

श्री गौरीशंकर गाउँपालिका वडा नं .....

.....

गौरीशंकर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा सम्पादित विकास निर्माण, सेवा प्रवाह, सुशासन, वित्तीय अनुशासन, योजना कार्यान्वयन, अभिलेख व्यवस्थापन, जनसहभागिता तथा समग्र कार्यसम्पादनको मूल्याङ्कनका आधारमा सर्वोत्कृष्ट अंक ल्याउदै "उत्कृष्ट वडा" हुन सफल हुनुभएकोमा गौरीशंकर गाउँपालिका वडा नं ..... लाई गाउँपालिकाको तर्फबाट उच्च सम्मानसहित यो सम्मान–पत्र प्रदान गरिएको छ।

यस उपलब्धिले आगामी दिनमा समेत उत्कृष्ट सेवा प्रदान गर्न थप प्रेरणा मिलोस् भन्ने शुभकामनासहित हार्दिक बधाई व्यक्त गर्दछौं।

मिति : .....

स्थान : सुरी, दोलखा

....

प्रमुख प्रशासकीय अधिकृत उपाध्यक्ष अध्यक्ष

अनुसूची-७

उत्कृष्ट कर्मचारी(कार्यालय सहयोगी) को प्रमाणपत्र

गौरीशंकर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुरी, दोलखा

श्री .....
गौरीशंकर गाउँपालिका.....

गौरीशंकर गाउँपालिकामा आर्थिक वर्ष २०८२/८३ मा इमान्दारिता, अनुशासन, उत्कृष्ट कार्यसम्पादन, सेवाप्रतिको समर्पण, समयपालन, उत्तरदायित्व, नवप्रवर्तन, जनमैत्री सेवा प्रवाह तथा कार्यालयको संस्थागत विकासमा उल्लेखनीय योगदान पुऱ्याउनुभएको मूल्याङ्कनका आधारमा कार्यलय सहयोगीहरु तर्फमा "उत्कृष्ट कर्मचारी" हुन सफल हुनुभएकोमा गाउँपालिकाको तर्फबाट हार्दिक बधाई सहित यो सम्मान–पत्र प्रदान गरिएको छ।

यहाँको समर्पण, व्यावसायिकता र उत्कृष्ट सेवाको उच्च कदर गर्दै आगामी दिनमा अझ प्रभावकारी सार्वजनिक सेवा प्रदान गर्न निरन्तर सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त

मिति : .....
स्थान : सुरी, दोलखा

....

प्रमुख प्रशासकीय अधिकृत उपाध्यक्ष अध्यक्ष

अनुसूची-८

उत्कृष्ट कर्मचारी(सवारी चालक) को प्रमाणपत्र

गौरीशंकर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुरी, दोलखा

श्री .....
गौरीशंकर गाउँपालिका.....

गौरीशंकर गाउँपालिकामा आर्थिक वर्ष २०८२/८३ मा सुरक्षित तथा जिम्मेवार सवारी सञ्चालन, समयपालन, अनुशासन, सवारी साधनको उचित संरक्षण तथा मर्मतसम्भारमा अपनाएको जिम्मेवारी, इन्धन तथा स्रोत–साधनको मितव्ययी उपयोग, दुर्घटनारहित सेवा प्रवाह तथा कार्यालयको समग्र कार्यसम्पादनमा पुऱ्याउनुभएको उल्लेखनीय योगदानको कदर गर्दै मूल्याङ्कनका आधारमा "उत्कृष्ट सवारी चालक" घोषित हुनुभएकाले गाउँपालिकाको तर्फबाट यो सम्मान–पत्र प्रदान गरिएको छ।

यहाँको कर्तव्यनिष्ठा, इमान्दारिता, व्यावसायिक दक्षता तथा समर्पित सेवाको उच्च सम्मान गर्दै आगामी दिनमा समेत यस्तै उत्कृष्ट कार्यसम्पादनका लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

मिति : .....
स्थान : सुरी, दोलखा

....

प्रमुख प्रशासकीय अधिकृत उपाध्यक्ष अध्यक्ष

प्रमाणीकरण मितिः २०८३/०४/१५

आज्ञाले,
रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत